नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/११/०३

# सहिद परिवारलाई सम्मान समाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७८

मिति २०७८/११/०३ गते नगर कार्यपालिकाले पारित गरे बमोजिम ठिक भएको हुंदा प्रमाणीकरणको लागि प्रमुख समक्ष पेश गर्दछु ।

नाम : शेर बहादुर पुन

पद : प्रमुख प्रशासकीय अधिकृत

दस्तखत :

मिति :२०७८/११/०६

प्रमाणीकरण गर्ने :

नाम : देवीलाल गौतम

पद : नगर प्रमुख

दस्तखत :

मिति :२०७८/११/०६

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## रुकुम पश्चिम
## कार्णाली प्रदेश नेपाल

# सहिद परिवारलाई सम्मान समाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७८

प्रस्तावना: मुसिकोट नगरपालिकाको आ.वं. २०७८/०७९ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम जनयुद्ध, जनआन्दोलनका सहिद र बेपत्ता परिवारका सदस्यहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थीत र प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सोही बमोजिम मुसिकोट नगरकार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "सहिद परिवारलाई सम्मान सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि" रहेको छ।

(२) यो कार्यविधि नगरपालीकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखी लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आन्दोलन" भन्नाले सम्वन २०६२/०६३ सालको जनआन्दोलन सम्झनु पर्दछ।

(ख) "जनयुद्ध" भन्नाले सम्वत २०५२ साल फागुन १ गते देखी सम्वत २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी(माओवादी बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ।

(ग) "बैंक" भन्नाले नेपाल सरकारवाट स्वीकृत प्राप्त क वर्गको बैंकलाई सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिकालाइ सम्झनु पर्दछ।

(ङ) "प्रमुख" भन्नाले मुसिकोट नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(छ) "सहिद परिवारलाई सम्मान सामाजिक सुरक्षा भत्ता" भन्नाले जनयुद्ध, र जनआन्दोलनका सहिद वा बेपत्ता पारिएका परिवारका सदस्यरुलाई प्रदान गरिने जीवन निर्वाह सहिद परिवारका सदस्यलाई सामाजिक सुरक्षा भत्ता सम्झनु पर्छ।

(ज) "हकवाला" भन्नाले शहिद वा बेपत्ता व्यक्तिका आमा वा बुवा निज नभए श्रीमान वा श्रीमति र नीज पति नभए छोरा वा छोरी वा एका घरका दाई र भाई, अविवाहित दिदी र वहीनींलाई सम्झनु पर्छ

देविलाल गौतम
नगर प्रमुख

३. **सहिद परिवारका सदस्यले सम्मान स्वरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने** : (१) मुसिकोट नगरपालिकामा स्थायी बसोवास् भई जन आन्दोलन तथा जनयुद्धको समयमा सहिद तथा बेपत्ता पारिएका सदस्यले यस कार्यविधि बमोजिमको सहिद परिवारका सदस्यले सम्मान स्वरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिमको सहिद स्मृति भत्ता नगरपालिकावाट वितरण गरिनेछ ।

४. **सुचना प्रकाशन गर्नु पर्ने** । : यस कार्यविधि बमोजिमको सहिद परिवारका सदस्यलाई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि **तीस** दिन भित्र नगरपालिकाको कार्यालयमा निवेदन दिन स्थानीय पत्रपत्रिका, एफ.एम. रेडियो र अन्य सञ्चारका माध्यमवाट सार्वजनीक सूचना प्रकाशन र प्रसारण गर्नु पर्नेछ र त्यस्तो सूचना पालिकाको वेभसाइटमा समेत राख्नु पर्नेछ ।

५) **निवेदन दिनुपर्ने** : (१) सहिद परिवारका सदस्यलाई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न देहायका कागजात सहित अनुसूची -१ बमोजिमको ढाँचामा दफा ४ बमोजिमको सूचनामा तोकिएको समयावधी भित्र नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(क) निवेदकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि

(ख) सहिद वा वेपत्तासंगको नाता प्रमाणपत्रको प्रतिलीपि

(ग) जिल्ला प्रशासन कार्यालयवाट प्राप्त सहिद वा बेपत्ता भएको प्रमाण खुल्ने कागजात वा बेपत्ताको हकमा बेपत्ता पारिएका ब्यक्तिको छानविन आयोगले दिएको परिचयपत्रको प्रतिलिपि ।

(घ) हकवालाको खाता नम्बर स्पष्ट देखिने बैंक खाता नम्वरको प्रतिलिपि

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पछि नगरपालिकाले सहिद वेपत्ता पारिएका सदस्यको विवरण संकलन गरी अनुसूची -२ बमोजिम ढाँचामा

६. **रकम उपलव्ध गराउने** : दफा ५ को उपदफा (१) बमोजिमको विवरण प्राप्त भए पछि नगरपालिकाले निजको हकवालालाई प्रति व्यक्ति मासिक **एक हजार रुपैयाको** दरले सहिद परिवारका सदस्यलाई सम्मान स्वरुप सामाजिक सुरक्षा भत्ता वितरण सहिद वेपत्ता परिवारको सदस्यको हकवालाको बैंक खातामा सहिद परिवारका सदस्यलाई सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउनु पर्नेछ ।

७. **अनुगमन गर्न सक्ने** :सहिद परिवारका सदस्यलाई सम्मान सामाजिक सुरक्षा भत्ता विरतणको कार्य प्रभावकारी भए नभएको सम्वन्धमा नगरपालिकाले अनुगमन गर्न सक्नेछ ।

८.**प्रतिवेदन तयारी गर्ने** : सहिद परिवारका सदस्यलाई सम्मान सामाजिक सुरक्षा भत्ता विरतणको प्रतिवेदन असार मसान्त भित्र अनुसूची ३ बमोजिमको ढाँचा तयार गर्नु पर्नेछ ।



देविलाल गौतम
नगर प्रमुख

९. **दुरुपयोग गर्न नहुने** : यस कार्यविधि बमोजिम विरतण हुने जीवन निर्वाह भत्ता दुरुपयोग भएको अवस्थामा प्रचलीत कानून बमोजिम हुनेछ ।

**१० विवरण पेश तथा समीक्षा गर्नु पर्ने** : नगरपालिकाले जीवन निर्वाहका लागि उपलब्ध गराएको सहिद परिवारका सदस्यलाई सम्मान सामाजिक-सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण नगर सभामा पेश गरी समीक्षा गर्नु पर्नेछ ।

दीर्घलाल गौतम
नगर प्रमुख

अनुसूची- १

(दफा ५ को उपदफा (१) संग सम्वन्धीत)

मिति :२०७............

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

मुसिकोट नगरपालिकाको कार्यालय

रुकुम पश्चिम

विषय : सहिद परिवारका सदस्यलाई सम्मान तथा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराई पाँउ ।

मुसिकोट नगरपालिकाले जारी गरेको सहिद परिवारलाई सम्मान सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७८ बमोजिम भत्ता उपलब्ध गराइदिनुहुन देहायका कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

संलग्न कागजात:

(क) निवेदकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि

(ख) सहिद वा वेपत्तासंगको नाता प्रमाणपत्रको प्रतिलीपि

(ग) जिल्ला प्रशासन कार्यालयवाट प्राप्त सहिद वा बेपत्ता भएको प्रमाण खुल्ने कागजात वा बेपत्ताको हकमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले दिएको परिचयपत्रको प्रतिलिपि ।

(घ) हकवालाको खाता नम्बर स्पष्ट देखिने बैंक खाता नम्वरको प्रतिलिपि ।

हस्ताक्षर :

नाम :

ठेगाना :

सम्पर्क टेलिफोन नं. :

देविलाल गौतम
नगर प्रमुख

## अनुसूची -२

(दफा ५ को उपदफा (२) संग सम्वन्धीत)

### सहिद तथा वेपत्ता व्यक्तिको विवरण

| क.सं. | सहिद तथा वेपत्ता व्यक्तिको नाम थर ठेगाना | भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण | | | | | | | स्मृति भत्ता जम्मा भएको रकम | बैंक को नाम र खाता नं. | रकम जम्मा गरिएको मिति | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्मृति भत्ता प्राप्त गर्ने हकवालाको नाम र ठेगाना | जन्म मिति वि.सं. | नेपाली नागरिकताको प्रमाणपत्र नं. र जारी मिति र जिल्ला | बाजेको नाम | बाबुको नाम | आमाको नाम | सहिद वा वेपत्ता व्यक्ति संगको नाता | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

कर्णाली, प्रदेश, २०७३

दैविलाल गौतम
नगर प्रमुख

कार्यालय प्रमुखको नाम

दस्तखत :